कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितिः २०७९/०३/२०
समयः दिनको ११:०० बजे
स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७९/०३/२० गते सोमबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यको अध्यक्षतामा गाउँकार्यपालिकाको पहिलो कार्यपालिका बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| (हस्ताक्षर) | श्री लोक बहादुर मुक्तान | अध्यक्ष, कैलास गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री बाल कुमार मल्ल ठकुरी | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री तेज बहादुर व्लोन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री तिलक बा. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री राम बहादुर गोम्बा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री भुवन सिं घलान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री सूर्य बहादुर ब्लोन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री दिल माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री सुन्तली सुनुवार | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री बुद्धिलाल सुनार | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री सम्झना गोले | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री गोरी माया वुलुन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री देवराज चौलागाई | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| (हस्ताक्षर) | श्री प्रकाश राई | माइन्युट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

CamScanner

प्रस्तावहरु:

१. आ.व. २०७९/८० का योजना तथा कार्यक्रम सम्बन्धमा,
२. बालमैत्री स्थानीय तह घोषणा सम्बन्धमा,
३. प्रदेशबाट प्राप्त बजेट फ्रिज सम्बन्धमा,
४. झो.पु. म्याद थप सम्बन्धमा,
५. ठेक्काहरुको म्याद थप सम्बन्धाम,
६. योजना सिफारिस सम्बन्धमा,
७. विविध।

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० का लागी मिति २०७९/०३/१० गते पेश भएको नीति तथा कार्यक्रममा आधारित भई विभिन्न विषयगत समितिको प्राथमिकता सिफारिस समेतको आधारमा तयार गरिएको आ.व. २०७९/८० को योजना तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कैलाश गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्नको लागी तपसिलका निर्णयहरु गरियो।

तपसिल:

- बालमैत्री स्थानीय शासन कार्यक्रम निर्देशिका २०७८ अन्तर्गत व्यवस्था गरिएको सम्पुर्ण प्रक्रिया अनुसार यस गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन घोषणा तथा दिगोपनाको लागि उक्त निर्देशिकालाई आधार मानी कार्यान्वयन गर्ने निर्णय गरियो।
- बालमैत्री स्थानीय शासन अवधारणको अबलम्बन कार्यान्वयन घोषणा २०७९ मंसिर मसान्त भित्र तथा दिगोपनाको लागी बालमैत्री स्थानीय शासन अभियान संचालन गर्न र गराउने निर्णय गरियो।
- बालमैत्री स्थानीय शासन २०७९ तथा बामैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ बमोजिम यस गाउँपालिका दस वडा अन्तर्गत एकमुष्ठ सि.एफ.एल.जी. अभियान संचालन अभियान गरी सिंगो गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त बनाउने निर्णय गरियो।
- सि.एफ.एल.जि. निर्देशिकाले तोकेको ५१ वडा सूचकहरु यस गाउँपालिकाको सम्पुर्ण वडाहरुमा उपयुक्त रहेकोले कुनै पनि थप सूचक नगरी उक्त ५१ वटा सूचकलाई कार्यान्वयन गर्ने र गराउने निर्णय गरियो।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको बालबालिकाको संगठन निर्माण सहजीकरण मार्गदर्शन निर्देशिका २०७४ बमोजिम बाल समुह सञ्जाल गठन सहजीकेण गर्ने र गराउने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७७/७८ मा यस कैलाश गाउँपालिकामा बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान तथा सशर्त अनुदान रकम मध्ये चालु आ.व. २०७८/७९ मा अल्या गरी विभिन्न योजना तथा कार्यक्रमहरुलाई भुक्तानी गरिएको रकम मध्येबाट २,२२,३७,३२१/- फिर्ता पठाउन प्रदेश लेखा नियन्त्रक कार्यालयको मिति २०७८/१२/२२ च.नं. ५८१ को पत्रमा लेखी आएको हुदा चालु आ.व. को मौजाद रकमबाट फिर्ता पठाउने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालन भइरहेका तपसिलका झो.पु.का योजनाहरु म्याद थप गर्ने गरियो।

तपसिल:

| क्र.सं. | योजना | म्याद थप हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | कैलाश फेदी झो.पु. | २०७९/०८/३० | |
| २ | नाम्तालिङ झो.पु. | २०७९/०९/३० | |

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०७८/७९ मा भएको ठेक्काबाट संचालित योजनाहरुको बर्षादको समय, स्थानीय निर्वाचन, निर्माण सामाग्रि तथा पेट्रोलियम पदार्थको मुल्य वृद्धीले गर्दा काम समयमै सम्पन्न हुन नसकेको भनि ति निर्माण कम्पनिबाट म्याद थप गरि पाउँ भनि निवेदन पेश भई आएको साथै म्याद थपको लागि प्राविधिक शाखा बाट टिप्पणी तयार भई प्र.प्र.अ बाट सिफारिसका साथ गा.पा. अध्यक्षबाट सदर भई कार्यपालिकाको बैठकामा पेश भएकोमा सार्वजानिक खरिद नियमावलि (बाह्रौ संसोधन) मा २०८०/३/३० गते सम्म म्याद थप्ने गरी संशोधन भएकोले अन्तिम पटकका लागी प्रदेश समपुरक ठेक्काहरुको म्याद २०७९ कार्तिक मसान्त सम्मको लागी म्याद थपका लागि गाउँसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र बागमती प्रदेश सरकार तथा संघबाट प्राप्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि वडासमिति मार्फत सम्झौता गर्न तथा भुक्तानी दिन गरिने सिफारिसहरु समयमै निरिक्षेण तथा अनुगमन गरि सिफारिदिन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो। कुनै योजनहरुमा विंवाद भई सिफारिस हुन नसक्ने अवस्था सृजना भएमा औचित्यताका आधारमा सत्य तथ्य बुझी गाउँकार्यपालिकाको कार्यालयबाटनै सिफारिस दिन सक्ने निर्णय गरियो।

विविधः

क. विविध क माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाले गत विगत आ.व.मा खरिद गरी भुक्तानी दिन बाकी रहेको मो.सा. को रकम भुक्तानी सम्बन्धमा मिति २०७९/०३/०९ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम गठन भएको छानविन तथा सिफारिस समितिले पेश गरेको प्रतिवेदनमा एक थान मो.सा. खरिद भई भुक्तानी बाकी रहेको तथा सो मो.सा. गाउँपालिकाकै नियन्त्रणमा र चालु अवस्थामानै रहेको देखिएको हुदा गाउँपालिकाको नाममा नामसारी गरी नियमानुसार भुक्तानी गर्न सकिने प्रतिवेदन पेश गरेकोहुदा यथा सके चाडै सो मो.सा. गाउँपालिकाको नाममा नामसारी गरी गराई भुक्तानी दिने निर्णय गरियो।

ख. विविध ख माथि छलफल गर्दा रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ परिच्छेद ४ को दफा (१४) बमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामका लागी यस गाउँपालिकाम देहाय बमोजिमको स्थानीय निर्देशक समिति गठन गर्ने गरियो।

| | |
|---|---|
| लोक बहादुर मुक्तान | अध्यक्ष |
| बाल कुमार मल्ल ठकुरी | सदस्य |
| भुवन सिं घलान | सदस्य |
| राजेन्द्र तामाङ घिसिङ | सदस्य |
| देवराज चौलागाई | सदस्य |
| क्रान्ती कुमाल | सदस्य सचिव |

ग. विविध ग माथि छलफल गर्दा यस गा.पा. अन्तर्गत संचालित एम्बुलेन्सहरुको व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको मिति २०७७/०४/२३ गतेको कार्यपालिका बैठकबाट स्विकृत एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को बुदा ३.१० बमोजिम एम्बुलेन्स चालकहरुलाई २०७८ श्रावन १ गते देखी लागु हुने गरी तपसिलको दरमा भत्ता उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

- कालिकाटार र डाँडाखर्कबाट बिरामी लिई हेटौंडा जादा प्रति टिप रु. ५००/-
- कालिकाटार र डाँडाखर्कबाट बिरामी लिई काठमाण्डौ वा चितवन जादा प्रति टिप रु. ७५०/-

घ. विविध घ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १० स्थित शान्ती सृजना आधारभुत विद्यालयको डेक्स बेन्च मर्मत, अफिस व्यवस्थापन र शौचालय मर्मतको काम गर्न कन्टिजेन्सी शिर्षकबाट रकम रु. ५००००/- बिनियोजन गरी भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner